## माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले मिति २०७७ साल साउन ९ गते शुक्रबार सरकारी वकील तथा कर्मचारीहरुलाई गर्नु भएको सम्बोधन

**नायब महान्यायाधिवक्ताज्यूहरु,**

**सम्पूर्ण सरकारी वकील तथा कर्मचारीहरु ।**

१. नयाँ आर्थिक वर्षको प्रारम्भसँगै हामीले फेरी नयाँ उत्साहका साथ कार्यक्षेत्रमा क्रियाशील हुनु पर्ने अवस्था छ । विगतमा गरिएका कार्यक्रमको समीक्षा एवम् हासिल भएका उपलब्धिको मूल्यांकन गर्दै नयाँ कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ ।

२. कोभिड १९ को संक्रमणले गत आर्थिक वर्षका पछिल्ला केही महिनाहरु नराम्रो गरी प्रभावित भए । सिंगो विश्व प्रभावित भएको अवस्थामा सरकारी वकील कार्यालयहरु पनि प्रभावित हुनु स्वाभाविक हो । यो समयावधिमा यहाँहरुले सरकारी वकील कार्यालयको कार्य सम्पादनलाई निरन्तरता दिई कार्य सम्पादनप्रति देखाउनु भएको उच्च प्रतिबद्धता प्रशंसायोग्य रहेको छ । यहाँहरुले अपनाउनु भएको सावधानीलाई निरन्तरता दिँदै सुरक्षाका थप उपायहरुका साथ अब कार्यक्षेत्रका क्रियाशील हुनु पर्ने बाध्यता आइपरेको छ । आपसी समन्वय गरी सरकारी वकील तथा कर्मचारीहरुले स्वास्थ्य सावधानीका उपायहरु अबलम्बन गर्दै कार्य सम्पादन गर्नु हुनेछ । सामाजिक दुरी कायम गरी बयान, बकपत्र एवम् बहस पैरवीको अभ्यास गर्नु हुनेछ । सरोकारवाला निकायहरुसँग समन्वय गरी सम्भवभएसम्म विद्युतीय संजालको प्रयोगमा जोड दिनु हुनेछ ।

३. गत वर्ष प्रक्षेपण गरिएका कार्यक्रमको संक्षिप्त समीक्षा

महान्यायाधिवक्ताको जिम्मेवारीमा आएपछि आवधिक रुपमा कार्य सम्पादनको मूल्यांकन गर्दै आगामी कार्यक्रमहरुको प्रक्षेपण गरी कार्यान्वयनमा ल्याउने प्रयास भैरहेको छ । सोही क्रममा २०७६ साल साउन २६ गते सो वर्षका लागि केही लक्ष्य सहित कार्यक्रम प्रक्षेपण गरिएको थियो । ती कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई यसप्रकार उल्लेख गरिएको छ :

क. सेवा शर्तसम्बन्धी कानूनको तर्जूमाका लागि विधेयकको मस्यौदा नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ । सो कानून बनाउने विषयमा सरकारी वकील तथा कर्मचारीहरुको पनि साझा धारणा बन्नु पर्ने आवश्यकता देखिएको छ । यसै वर्ष सरकारी वकील सम्बन्धी नियमावली, २०७७ जारी भएको छ । सो नियमावलीले यहाँहरुको कार्य सम्पादनमा सहयोग पुग्नेछ ।

ख. गत वर्ष प्रक्षेपण गरिए बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ४ जना सहन्यायाधिवक्ता सहित ८२ जना सरकारी वकील र १३६ जना कर्मचारीको दरबन्दी स्वीकृत

Office of the Attorney General, Nepal

भएको छ । अव सरकारी वकीलको संख्या महान्यायाधिवक्ता सहित ५२० र समग्र सरकारी वकील तथा कर्मचारीको संख्या १६३३ पुगेको छ ।

ग. विगत दुई वर्षअघि प्रारम्भ गरिएको सरकारी वकीलको विशिष्टीकरणको प्रशिक्षणको एउटा कोर्ष पूरा भएको छ । निर्धारण गरिएका ९ वटा विषयमा १२ वटा विशिष्टीकरण सम्बन्धी प्रशिक्षण सम्पन्न भैसकेकाछन् । ती प्रशिक्षणमा ३४७ जना सरकारी वकीलहरुले सहभागिता जनाउनु भएको छ ।गत आ.व. मा विभिन्न ६ वटा विषयमा विशिष्टीकरण सम्बन्धी प्रशिक्षणमा १५० जना सरकारी वकीललाई सहभागी गराउने लक्ष्य राखिएकोमा २०२ जना सरकारी वकीलको सहभागिता रहेको थियो । गत एक वर्षको अवधिमा देहायका विषयमा देहाय बमोजिमको संख्यामा सरकारी वकीलहरु विशिष्टीकरणसम्बन्धी प्रशिक्षणमा सहभागी हुनु भएको छ :

| सि.नं. | विषय | सहभागी संख्या |
|---|---|---|
| १. | संगठित अपराध निवारण कानून | २६ |
| २. | विद्युतीय अपराध | २३ |
| ३. | सार्वजनिक सम्पत्ति संरक्षण कानून | २६ |
| ४. | लैंगिक तथा बाल न्याय | २३ |
| ५. | सेवा कानून | ५३ |
| ६. | भ्रष्टाचार निवारण कानून | ५१ |
| | जम्मा | २०२ |

घ. अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ पौष ४,५ र ६ गते सम्पन्न भयो । खास गरी मुलुकी संहिताको कार्यान्वयनको समीक्षा गर्न र अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा समन्वय कायम गरी कार्य सम्पादनमा सुधार ल्याउनका लागि यो सम्मेलनले महत्वपूर्ण मार्गनिर्देशन गरेको छ ।

ङ. दुई वर्ष अघिदेखि थालनी गरिएको अभियोजन परीक्षणलाई निरन्तरता दिँदै गत आ. व. मा ५० वटा जिल्लाको अभियोजन परीक्षण गर्ने लक्ष्य राखिएकोमा विभिन्न असहजता आइपरेको कारण संख्यात्मक रुपमा सो लक्ष्य हासिल हुन सकेन । यद्यपि गत वर्ष ६०वटा सरकारी वकील कार्यालयको अभियोजन परीक्षण गरियो र परीक्षणबाट प्राप्त पृष्ठपोषणका आधारमा कार्य सम्पादनमा सुधारका लागि मार्गदर्शन समेत गरिएको छ ।

च. हिरासत तथा कारागार निरीक्षण तर्फ ५० जिल्लाको अनुगमन गर्ने लक्ष्य राखिएकोमा ३४वटा जिल्लाको मात्र अनुगमन हुन सक्यो । हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी देखिएको अवस्थाका बारेमा सरोकारवाला निकायहरुसँग नियमित रुपमा छलफल गरिएको छ । सुधारका लागि सहजीकरण गरिएको छ । खास गरी बाल सुधार गृहको व्यवस्थापनमा सुधारका लागि दिइएका कतिपय सुझावहरु कार्यान्वयनको क्रममा रहेकाछन् । कोभिड-१९ को कारण

Office of the Attorney General, Nepal

लकडाउनको अवधिमा बाल सुधार गृहमा रहेका बालबालिकाको व्यवस्थापनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको अग्रसरता स्वरुप २२८ जना बालबालिका बाल सुधार गृहबाट मुक्त भएकाछन् । त्यसै गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को व्यवस्था कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको सहजीकरणबाट२१९ जना कैदी बन्दी थुना मुक्त भएकाछन् । संख्यात्मक रुपमा कति मानिसहरु छुटे भन्नुभन्दा नयाँ कानूनी व्यवस्थाको कार्यान्वयन प्रारम्भ भएको विषयलाई सकारात्मक रुपमा लिनु पर्दछ ।

छ. महान्यायाधिवक्ताको कार्यालयबाट बाल सुधार गृहको विस्तार र स्तरोन्नतिका लागि सहजीकरण गरिएको छ । बाल सुधार गृहमा पुस्तकालयको स्थापनालागि महान्यायाधिवक्ताको कार्यालयबाट प्रारम्भिक थालनी गरिएको छ । ती सुधार गृहको व्यवस्थापनमा सुधार ल्याउनका लागि सम्बन्धित निकायसँग सहजीकरण गरिएको छ । मुख्य न्यायाधिवक्ताहरुलाई पनि बाल सुधार गृहको अनुगमन गर्न र सो को प्रतिवेदन प्रस्तुत गर्न जिम्मेवारी दिइएको छ ।

ज. नेपाल प्रहरीसँग साझेदारीमा देशभर एकै पटक समुदाय प्रहरी साझेदारी र समुदायमा सरकारी वकील कार्यक्रम संयुक्त रुपमा सञ्चालन गरियो । यसले अनुसन्धानकर्ता र अभियोजनकर्ताको सहकार्यका लागि समेत वातावरण निर्माण गर्न सहयोग गर्‍यो । सचेतना विस्तारमा प्रहरीसँगको सहकार्य प्रभावकारी हुने रहेछ भन्ने संकेत सो कार्यक्रमले दिएको छ ।

झ. सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायका पदाधिकारीहरु खास गरी नेपाल सरकारका सचिवहरु र विभागीय प्रमुखहरुसँगको छलफललाई नियमित बनाइएको छ । यसबाट विवादसँग सम्बन्धित विषयमा जानकारी र कागजात प्राप्त गर्न सहज हुँदै आएको छ ।

ञ. महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको निरन्तर सहजीकरणबाट राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको दुई प्रदेशमा शाखा विस्तार भएको छ । यो वर्ष थप दुई प्रदेशमा शाखा विस्तारका लागि नेपाल सरकारबाट नीति तथा कार्यक्रम एवम् बजेटमा प्रतिबद्धता प्रकट भएको छ । प्रयोगशालाको विस्तारसँग परीक्षण प्रतिवेदन समयमा प्राप्त हुने र अनुसन्धान प्रक्रिया छिटो टुंगोमा पुर्‍याउन सहज हुने अपेक्षा राखिएको छ ।

ट. अन्य मुलुकले गरेका असल अभ्यासको बारेमा जानकारी लिन दिनका लागि गत एक वर्षमा ७३ जना सरकारी वकीलले वैदेशिक अध्ययन भ्रमणको अवसर प्राप्त गर्नु भएको थियो । कोभिड १९ को संक्रमणले प्रभाव नपारेको भए अझै धेरै सरकारी वकीलले अवसर पाउने अवस्था थियो । प्रशिक्षणका लागि मनोनयन भएर पनि सहभागिता जनाउन नपाएको अवस्था पनि रह्यो । परिस्थितिमा परिवर्तन आउनासाथ उक्त प्रक्रियालाई पुनः अगाडि बढाइने छ र धेरै भन्दा धेरै सरकारी वकीलहरुलाई यस प्रकारका अनुभव लिन सक्ने उपउक्त वातारण सृजना गरिनेछ ।

Office of the Attorney General, Nepal

ठ. राम्रो काम गर्नेलाई पुरस्कृत र खराव काम गर्नेलाई दण्डित गरी महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुलाई अनुशासित संस्थाको रुपमा स्थापित गर्ने प्रयास निरन्तर छ । एटर्नी अफ द इयर समेतका उत्कृष्ट कार्य सम्पादन गर्ने सरकारी वकील र कर्मचारीहरु पुरस्कृत गरिएको छ । कार्य सम्पादनमा त्रुटी गर्ने, लापरवाही गर्नेलाई उपयुक्त तवरले व्यवस्थापन गरिएको छ ।

ड. इ एटर्नी कार्यक्रम अन्तर्गत ५०वटा कार्यालयहरु विद्युतीय सञ्जालमा आवद्ध भएका छन् । सो अनुसार विद्युतीय माध्यमसँग कार्य सम्पादनलाई आबद्ध गर्न यहाँहरुको थप क्रियाशीलता आवश्यक देखिएको छ। सरकारी वकील तथा कर्मचारीहरुलाई सूचना प्रविधि पद्धतिको प्रयोगमा अभ्यस्त तुल्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

ढ. सरकारी वकीलको क्षमता विकासका लागि विभिन्न विषयका प्रशिक्षणमा सबै तहका सरकारी वकील र कर्मचारीहरुलाई सहभागी गराउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिएको छ । यो प्रयोजनका लागि पछिल्लो समयमा विद्युतीय सञ्जालको माध्यमबाट सञ्चालन गरिएको कार्यक्रममा यहाँहरुले देखाउनु भएको उत्साह प्रशंसनीय रहेको छ । प्रविधिमा अभ्यास्त हुन नसक्दा अनलाइन प्रशिक्षणको क्रममा यहाँहरुलाई निश्चय नै केही असुविस्ता भएको होला । तर सिकाइको अभियानलाई असहज अवस्थामा पनि निरन्तरता दिने ध्येयले महान्यायाधिवक्ताको कार्यालयले अनलाइन कार्यक्रम चलाएको हो । सबै तहका जनशक्तिको सीप विकासलाई लक्षित गरी यस्ता कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिने छ ।

ण. महान्यायाधिवक्ताको कार्यालयले इन्टरनेशनल एशोसिएसन अफ प्रोसिक्युटरको सदस्यता प्राप्तिसँगै यसका कार्यक्रमहरुमा सहभागिताको अवसर विस्तार हुने अवस्था छ । सो संस्थासँग थप सहकार्यका लागि प्रयास पनि भैरहेको छ । सरकारले निर्धारण गरेको मापदण्डभित्र रही सरकारी वकीलको क्षमता विकासका लागि अन्य संस्थाहरुसँग पनि सहकार्यको क्षेत्र खोजी गरिनेछ ।

४. सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण र सरकारी वकीलको व्यावसायिकता विकासको हिसावले गत आर्थिक वर्ष उल्लेख्य रहृयो । केही सरकारी वकील कार्यालयहरुको भौतिक निर्माण सम्पन्न भएको छ । केही निर्माणको अन्तिम चरणमा छन् र केही निर्माणको प्रारम्भिक चरणमा छन् । म महान्यायाधिवक्ताको रुपमा नियुक्त भएर आएपछि १९ वटा नयाँ भवन उद्घाटन भएका छन् । ८ वटा भवन निर्माणका लागि शिलान्यास भएका छन् । थप ९**वटा भवन निर्माण कार्य सम्पन्न भई उद्घाटनको चरणमा पुगेकाछन् । ( जिल्ला सरकारी वकील कार्यालय भोजपुर, सिरहा, धनुषा, महोत्तरी, सल्यान, बर्दिया, कैलाली, दार्चुला, डडेल्धुरा )** । यो वर्ष थप १५ वटा भवनहरुको निर्माण कार्य सम्पन्न हुनेछ । (**उच्च सरकारी वकील कार्यालयपोखरा, इलाम र बुटवल, जिल्ला सरकारी वकील कार्यालय मोरङ, तेह्रथुम, ओखलढुंगा, सर्लाही, वारा, चितवन, दाङ, रुकुम पश्चिम, वैतडी, बाजुरा, हुम्ला, कालिकोट**) । विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय,

काठमाडौंको भवन निर्माणका लागि ठेक्का संझौता भइसकेको छ । कार्यबोझ बढी भएका सरकारी वकील कार्यालयहरुलाई प्राथमिकतामा राखी भवन निर्माणको कार्य अगाडि बढाइएको छ । यो वर्ष पनि यो कार्य निरन्तर अगाडि बढ्ने छ । परिस्थिति अनुकूल भयो भने थप भवन निर्माणको कार्यलाई विस्तार गरिने छ ।

५. भवन, सवारी साधन, प्रशिक्षण आदि संस्थागत प्रयासहरु कार्य सम्पादनका लागि सहयोग गर्ने आधार मात्र हुन् । मूल विषय त यहाँ कार्यरत जनशक्तिको कामप्रतिको समर्पण नै हो । सरकारी वकीलको कार्य सम्पादनलाई अझ प्रभावकारी बनाउन उपयुक्त कार्य वातावरण निर्माण गर्ने उद्देश्यले भवन निर्माण लगायतका पूर्वाधार विकासका कार्यलाई प्राथमिकतामा राखिएको हो । संस्थाको यो अपेक्षा पूरा गर्न यहाँहरुबाट थप उर्जासहित कार्य सम्पादनलाई नतिजामुखी बनाउन जागरुक हुनु हुनेछ भन्ने आशा राखेको छु ।

६. करिव दुई वर्षअघि थालनी गरिएको सरकारी वकीलको विशिष्टीकरणको प्रक्रियाले एउटा चक्र पूरा गरेको छ । हालसम्म७२ जना सरकारी वकीलले विशिष्टीकरणको प्रमाणपत्र पाउनु भएको छ ।निरन्तर सिकाइमा क्रियाशील संस्थाको रुपमा सरकारी वकील कार्यालयलाई विकास गर्ने र सरकारी वकीलको क्षमता विकासका लागि संस्थागत योगदान पुर्‍याउने उद्देश्यले विशिष्टीकरणको प्रक्रिया अगाडि बढाइएको हो । निश्चय नै विशिष्टीकरणको प्रशिक्षणले मात्र व्यावसायिक विकासका लागि पूर्णता दिन सक्दैन । यसका लागि सम्बन्धित सरकारी वकीललाई उत्साहित तुल्याउने मात्र हो । अग्रसरता त सम्बन्धित सरकारी वकीलले नै देखाउनु पर्ने हुन्छ । यो प्रशिक्षणबाट सहभागीहरुको क्षमताको मूल्यांकन गर्न समेत सहयोग पुगेको छ । यसलाई क्रमशः विशेष जिम्मेवारी प्रदान गर्ने विषयसँग पनि आबद्ध गर्दै लगिने छ । सो क्रममा यो वर्ष पनि महान्यायाधिवक्ताको कार्यालयबाट प्रशिक्षण प्रदायक निकायहरुसँग समेत समन्वय गरी विशिष्टीकरणका थप ६ वटा कार्यक्रमहरु संचालन गरिनेछन् । कार्यतालिका बनाएर सबै विषयमा पुनर्ताजकी प्रशिक्षण पनि संचालन गरिने छ । आफ्नो रुचि र संस्थागत आवश्यकतालाई दृष्टिगत गरी विशिष्टीकरणको प्रशिक्षणमा सहभागी हुनका लागि म सबै सरकारी वकीलहरुलाई आग्रह गर्न चाहन्छु ।

७. मुलुकी अपराध संहिता, २०७४, मुलकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनको कार्यान्वयनको क्रममा सरकारी वकीलहरुले देखाउनु भएको अग्रसरताको म हार्दिक प्रशंसा गर्दछु । नयाँ कानूनी व्यवस्थाको अभ्यासमा आउन सक्ने दुविधालाई सम्बोधन गर्न महान्यायाधिवक्ताको कार्यालयले सहजीकरण समितिको व्यवस्था गरी यहाँहरुलाई सहजीकरण गरिरहेको छ । खास गरी कसूरको गम्भीरताको अवस्था हेरी पक्राउ नगरी अनुसन्धान गर्ने व्यवस्थाको कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट फौजदारी न्याय प्रशासनका सरोकारवाला निकायका पदाधिकारी समेतको सहभागितामा २०७६।१२।६ र २०७७।१।४ मा भएका निर्णयहरुको कार्यान्वयनमा यहाँहरुले अझै प्रभावकारी प्रयास गर्नु हुनेछ ।



Office of the Attorney General, Nepal

८. बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ ले निर्देश गरेको प्रक्रियाको अवलम्बनमा विशेष अग्रसरता देखाउँदै औचित्यपूर्ण रुपमा दिशान्तर लगायतका व्यवस्थाको कार्यान्वयनका लागि प्रयास गर्नु हुनेछ । कसूरमा संलग्न बालबालिकाको उमेर एकीन गर्नका लागि उक्त ऐन तथा नियमावलीले निर्धारण गरेका प्राथमिकता क्रमको प्रभावकारी प्रयोग गर्नु हुनेछ । फौजदारी न्याय प्रशासनमा दण्डका सुधारात्मक प्रक्रियालाई पालना गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुनेछ भन्ने महान्यायाधिवक्ताको कार्यालयको अपेक्षा छ ।

९. विगतमा सम्पन्न सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनहरु एवम् अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनहरुले सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य विकासमा सकारात्मक सहयोग पुर्‍याएको अनुभव गरिएको छ । सबै सरकारी वकील कार्यालयहरुले ती सम्मेलनले पारित गरेका घोषणापत्रको कार्यान्वयनमा लागि आआफ्नो क्षेत्रमा अग्रसरता जनाउनु हुनेछ भन्ने अपेक्षा छ । वैज्ञानिक प्रमाणमा आधारित अनुसन्धान र अभियोजनले नै सरकारी मुद्दाको कसूर कायम दर बृद्धि गर्न र कानून र व्यवस्था कायम राख्न सहज हुने हुँदा उक्त कार्यमा सरकारी वकीलले संविधान र कानूनले दिएको जिम्मेवारी पालना गर्ने तर्फ थप अग्रसर हुनु पर्ने आवश्यकता औंल्याउँदछु ।

१०. सरकारवादी मुद्दामा प्रमाणको वैज्ञानिक परीक्षणलाई सहज र छिटो बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले गरेको प्रयास स्वरुप गत वर्ष प्रदेश नं. २ को बर्दिवास र सुदूर-पश्चिम प्रदेश को धनगढीमा विधि विज्ञान प्रयोगशालाको शाखा कार्यालय स्थापना भई यो आर्थिक वर्षदेखि कार्य प्रारम्भ गर्ने अवस्था छ। यो वर्ष थप दुई वटा प्रदेशमा प्रयोगशालाको विस्तार गर्न र सो प्रयोगशालाको स्वायत्तताको संरक्षणका लागि छुट्टै ऐन बनाउनका लागि प्रयास भैरहेको व्यहोरा सबैमा जानकारी गराउँदछु ।

११. जातीय भेदभाव तथा छुवाछुत र वालन्याय सम्वन्धी विषयलाई समेत समावेश गरी गत वर्षदेखि अभियानको रुपमा थालनी गरिएको समुदायमा प्रहरी र सरकारी वकील साझेदारी कार्यक्रमले सचेतना अभिबृद्धि गर्न र सरकारी वकीललाई समुदायमा परिचित गराउन सहयोग पुगेको छ । यद्यपि कोभिड १९ को संक्रमणका कारण यो अभियानलाई यो वर्ष नयाँ रुपमा लैजानु पर्ने आवश्यकता देखिएको छ । विद्युतीय माध्यमका प्रचारप्रसार सामग्रीको निर्माण गरी स्थानीय स्तरसम्म कानूनी सचेतना विस्तार गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयले विशेष प्रयास गर्नेछ । सरकारी वकीलको कार्य सम्पादनमा नकारात्मक प्रभाव नपर्ने गरी स्थानीय स्तरमा स्थानीय तहसँग समेत समन्वय गरी त्यस्तो सचेतना विस्तार गर्ने कार्यमा क्रियाशील हुन आग्रह गर्दछु । छाउपडी प्रथालाई मुलुकी अपराध संहिताले अपराधिकरण गरेको सन्दर्भमा केन्द्रिय समन्वय समितिको मिति २०७६।०८।२३ को निर्णय अनुसार सो कुप्रथाका बारेमा अभियानका रुपमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने र सो कसुरमा संलग्न भएका व्यक्तिहरुलाई कानूनको दायरामा ल्याउने कार्य भएको छ

Office of the Attorney General, Nepal

। सो सम्वन्धमा सचेतनामूलक कार्यक्रमलाई पनि समुदायमा प्रहरी र सरकारी वकील साझेदारी कार्यक्रम  मार्फत निरन्तरता दिन आवश्यक छ। त्यसमा यहाँहरुको साथ सहयोग हुने नै छ।

१२. हेलो साक्षी कार्यक्रमको संचालनबाट परेको सकारात्मक प्रभावलाई मनन् गरी सबै सरकारी वकील कार्यालयहरुले अभियानको रुपमा सो कार्यक्रम संचालन गर्नु हुनेछ । साक्षीको वकपत्रमा सरकारी वकीलको सहभागिताको विषयमा अब कुनै प्रश्न उठ्ने वा नकारात्मक टिप्पणी आउने छैन । यहाँहरुले सरकारी साक्षीको उपस्थिति र वकपत्रमा सहजीकरण समेत गर्नु हुनेछ । प्रतिवादीका साक्षीको जिरहका लागि अग्रसर हुनु हुनेछ। साक्षीको बकपत्रलाई अभियोजनको निर्णय जतिकै मूल कामको रुपमा लिनु हुनेछ।

१३. अपराध पीडितको अधिकार संरक्षणार्थ अपराध पीडित संरक्षण ऐन, २०७५ र  फौजदारी कसूर (पीडित  तथा राहत कोष) नियमावली, २०७७ ले गरेका व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा यहाँहरुको थप सक्रियता आवश्यक देखिएको छ । अपराध पीडितको अभिलेखीकरण गरी निरन्तर सम्पर्कमा रहनु पर्ने जिम्मेवारी सरकारी वकीलमा रहेको छ । अपराध पीडितको तत्काल उपचार, संरक्षण र अन्तरिम राहतका बारेमा विशेष संवेदनशील रुपमा प्रस्तुत हुनु हुनेछ । अपराध पीडित मैत्री कक्षको समुचित व्यवस्थापन गरी सरकारी वकील कार्यालयलाई पीडितको अभिभावकको रुपमा अनुभूति दिलाउने गरी कार्य गर्नु हुनेछ।

१४. निरन्तर सुनुवाइको कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि सहयोगी हुनु हुनेछ भन्ने आशा राखेको छु। विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम राख्ने विषयमा यहाँहरु विशेष रुपमा संवेदनशील हुनु हुने अपेक्षा छ। सरकारी वकील कार्यालयमा रहेका अपराध पीडित मैत्री कक्षको समुचित व्यवस्थापन गरी लक्षित वर्गले उपयोग गर्न सक्ने व्यवस्था मिलाउनका लागि यहाँहरु सक्रिय रहनु हुनेछ । सरकारी वकीललाई अपराध पीडितको वास्तविक वकीलको रुपमा सामाजिक जीवनमा विश्वास आर्जन गर्न सक्ने खालका व्यवहार गर्नु हुनेछ।

१५. यो वर्ष महान्यायाधिवक्ताको कार्यालयले अभियोजन सुधार वर्षको रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्नेछ । खास गरी अभियोग पत्र लेखनको अभ्यासलाई पुनरावलोकन गरिने छ । अभियोगपत्र लेखनको ढाँचामा सुधार गरी सबै सरकारी वकील कार्यालयहरुले एकरुपता कायम गर्ने गरी नमुना अभियोगपत्रको ढाँचा प्रकाशित गरिनेछ । अभियोजनका लागि प्रमाणको वस्तुगत मूल्यांकन गर्न सक्ने जनशक्ति विकासका लागि अभियानको रुपमा प्रमाणसम्बन्धी प्रशिक्षण अभियानको रुपमा सञ्चालन गरिने छ। उत्कृष्ट अभियोगपत्रको संकलन गरी प्रकाशन गरिने छ। अभियोजनको सुधारका प्रयासलाई पुरस्कारसँग आबद्ध गरिनेछ ।अभियोजनमा सुधारका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिने छ । यस विषयमा पूर्व महान्यायाधिवक्ता एवम् पूर्व नायब महान्यायाधिवक्ताहरुसँग समेत परामर्श गरिने छ। अपराध अनुसन्धानमा सुधार ल्याउनका लागि अपराध अनुसन्धान गर्ने निकायका केन्द्रीय पदाधिकारीसँग समन्वय गरिने छ । अभियोजन परीक्षणको दायरा विस्तार गरिने छ। विद्युतीय माध्यमबाट समेत अभियोजन अनुगमन गर्ने व्यवस्था



Office of the Attorney General, Nepal

गरिने छ । तपाईहरु आजैबाट अभियोगपत्रलाई स्तरीय बनाउने दिशामा क्रियाशील हुनु होला । कार्य सम्पादनको उत्कृष्ठता प्रभावकारी अभियोजनबाट नै झल्किन सक्दछ । राम्रो अभियोजन गर्ने अभियोजनकर्ताले नै विशेष जिम्मेवारी पाउने परिपाटी विकास गरिने छ ।

१६. सरकार वादी मुद्दामा गरिने पुनरावेदन तथा दोहोर्‍याइ पाँऊ सम्बन्धी निवेदनमा अपेक्षित मात्रामा सफलता प्राप्त हुन नसकेको अवस्थाप्रति यहाँहरु सबै जानकार हुनुहुन्छ । यो वर्ष ती विषयलाई सुधारको प्राथमिकतामा राख्नु पर्नेछ । आधार र औचित्य खुलाई पुनरावेदन र निवेदन गर्ने गरी अभ्यास विकास गर्न यहाँहरुबाट पनि सक्रियताको अपेक्षा राखेको छु । बस्तुगत आधार र औचित्य स्थापित हुन नसक्ने देखिएका मुद्दामा पुनरावेदन निवेदन नगर्ने परिपाटी विकास गर्न पनि हामी सबैले साझा अग्रसरता देखाउनु पर्नेछ । एउटा मुद्दामा पटक पटक असफलता व्यहोर्नु परेको अवस्थाबाट हामीले पनि पाठ सिक्नु पर्ने अवस्था छ । त्यसै गरी पुनरावेदन तथा निवेदनमा विषयवस्तुको प्रस्तुति एवम् भाषाको स्तरीयताको बारेमा पनि यहाँहरुबाट विशेष सजगता अपनाइने छ भन्ने विश्वास लिएको छु ।

१७. सरकारी वकीलको कार्य सम्पादनको परीक्षणलाई यो वर्ष निरन्तरता प्रदान गरिने छ । विद्युतीय माध्यमबाट अभियोजनका निर्णयको अभिलेखीकरण गरी महान्यायाधिवक्ताको कार्यालयबाट नियमित रुपमा त्यस्ता निर्णयको अनुगमन गरिने छ । नियतपूर्वक गरिने कुनै पनि काम कारवाहीहरु क्षमाका विषय बन्ने छैनन् । स्वाभाविक रुपमा ती विषय दण्डसँग जोडिने छन् । त्यस्तो अप्रिय कार्य गर्नु पर्ने अवस्था कसैका लागि पनि सुखद हुने छैन । यस्तो बाध्यात्मक अवस्थामा पुर्‍याउने गरी यहाँहरुबाट कुनै कार्य हुने छैनन् भन्ने कामना गर्दछु । अनुसन्धानमा भएको लापरवाही वा गम्भीर त्रुटीका विषयमा महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउन पनि म सबै सरकारी वकीललाई आग्रह गर्दछु ।

१८. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको यो चार वर्षको अवधिमा सुधारका केही संकेतहरु देखिएका छन् । योजनाबद्ध रुपमा गरिने सुधारका कार्यक्रमहरुले संख्यात्मक रुपमा उपलब्धि हासिल भएको पनि देखिएको छ । भवन बनेका छन् । सवारी साधनको प्रबन्ध गरिएको छ । उपकरणहरु थपिएका छन् । स्वदेश एवं विदेशमा अध्ययन भ्रमण तथा प्रशिक्षण कार्यक्रमको सिलसिला निरन्तर चलेको छ । जनशक्तिको दरबन्दी थप भएको छ । यी प्रयासहरु पर्याप्त छैनन् होला । पूर्ण छैनन् होला । तर विगतको अवस्थाभन्दा अवस्य पनि सुधारात्मक दिशामा उन्मुख छन् । त्यसैले योजनाबद्ध विकास प्रक्रियालाई निरन्तरता प्रदान गरिने छ । पन्ध्रौं राष्ट्रिय योजनामा समेत समावेश भैसकेको हुँदा अब यो वर्ष महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जूमा गर्नका लागि कार्य प्रारम्भ गरिने छ । यहाँहरुले सक्रियतापूर्वक सो योजना निर्माण प्रक्रियामा सहभागिता जनाउनु हुनेछ भन्ने अपेक्षा छ ।

१९. पछिल्ला वर्षहरुमा सरकारी वकील तथा कर्मचारीको दरबन्दी उल्लेख्य रुपमा रुपमा विस्तार भएको छ । कार्यबोझ बढी भएका कार्यालयहरुलाई लक्षित गरी दरबन्दी पुनरावलोकन गरिएको छ । अब

Office of the Attorney General, Nepal

कार्य सम्पादनमा गुणात्मक सुधार गरी थप गरिएका दरबन्दीको औचित्य सिद्ध गर्नु पर्ने जिम्मेवारी आइपरेको छ । यहाँहरुले सो जिम्मेवारी पत्यारलायक रुपमा पूरा गर्नु हुने विश्वास लिएको छु ।

२०. अबका केही महिनाभित्रै महान्यायाधिवक्ताको कार्यालय नयाँ भवनमा सर्दैछ । सो भवनमा अभियोजन संग्रहालयसमेत स्थापनाका लागि आवश्यक पूर्वाधार तयारीको कार्य भैरहेको छ । यहाँहरु कार्यरत रहेको सरकारी वकील कार्यालयमा संग्रहालयमा राख्न लायक सामग्री भएमा उपलव्ध गराउनका लागि म यहाँहरुलाई आग्रह गर्दछु ।

२१. जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं र विशेष सरकारी वकील कार्यालयको भवन अव शिलान्यासको चरणमा पुगेको छ । धेरै प्रयत्न र सरोकारवाला निकायको साथ सहयोगबाट सो भवन निर्माण हुन लागेको छ । उक्त क्रममा सहयोग पुर्‍याउने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अव उच्च सरकारी वकील कार्यालय, पाटन, वीरगञ्ज र ओखलढुंगा तथा जिल्ला सरकारी वकील कार्यालय,ईलाम र जाजरकोटका लागि प्राथमिकतापूर्वक भौतिक पूर्वाधारको व्यवस्था गर्नु पर्ने अवस्था छ । यो आर्थिक वर्षमा सो प्रयोजनका लागि सघन प्रयास गरिने छ । थप केही जिल्ला सरकारी वकील कार्यालयहरुको भवन निर्माणका लागि प्रयास गरिनेछ । विशेषतः जिल्ला सरकारी वकील कार्यालय सुर्खेत र काभ्रेपलाञ्चोकमा नयाँ भवन निर्माण गर्न र रुपन्देहीमा एनेक्स भवन बनाउन विशेष प्रयास गरिने छ ।

२२. महान्यायाधिवक्ताको कार्यालयबाट प्रत्येक प्रदेशमा दुई वटा सरकारी वकील कार्यालयहरुलाई नमुना सरकारी वकील कार्यालयको रुपमा घोषणा गरी कार्यादेश समेत दिइएको थियो । (प्रदेश नं. १ का झापा र सुनसरी, प्रदेश नं. २ का धनुषा र बारा, वाग्मती प्रदेशका धादिङ र ललितपुर, गण्डकी प्रदेशका कास्की र तनहुँ, प्रदेश नं. ५ को रुपन्देही र बाँके, कर्णाली प्रदेशको सुर्खेत र जुम्ला, सुदूर पश्चिम प्रदेशको कञ्चनपुर र दार्चुला) ती कार्यालयहरुको कार्य सम्पादनको प्रभावकारिताका सम्वन्धमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले प्रतिवेदन तयार गरी पठाउनु होला । सो प्रतिवेदन समेतलाई विचार गरी सुधारका थप प्रयासहरु अगाडि बढाइने छ । सरकारी वकील कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र विश्वासिलो बनाउन यहाँहरु थप क्रियाशील हुनु हुनेछ ।

२३. उल्लिखित कार्यक्रमका अतिरिक्त यो वर्ष देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ :

क. महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको तेस्रो राष्ट्रिय कार्यशाला आयोजना गरी कार्य सम्पादनमा समन्वय र सहकार्यका थप आधारहरु निर्माण गरिने छ ।

ख. महान्यायाधिवक्ताको कार्यालयको ७० औं स्थापना दिवस भव्यताका साथ सम्पन्न गरी संस्थागत सुधारका प्रयासहरु र हासिल भएका उपलव्धिको मूल्यांकन गरिने छ । सो क्रममा विगतदेखि गरिँदै आएको एटर्नी अफ दि इयर र उत्कृष्ट सरकारी वकील तथा कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।

Office of the Attorney General, Nepal

ग. सरकारी वकील दिग्दर्शनको पुनरावलोकन गरी कार्य सञ्चालनका लागि सहजीकरण गरिने छ। विभिन्न विषयमा स्रोत सामग्री र नजीरहरुको प्रकाशन गरिने छ । अभियोजन नीति र मार्गदर्शनको पुनरावलोकन गरिने छ । यसले कार्य सम्पादनमा एकरुपताका कायम गर्न र गुणत्मकता प्रबर्द्धन गर्न सहयोग पुग्नेछ।

घ. पूर्व महान्यायाधिवक्ताज्यूहरु तथा नायब महान्यायाधिवक्ताज्यूहरुसँग महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि राष्ट्रिय कार्यशाला आयोजना गरी अभियोजन र सरकारी पक्षको प्रतिनिधित्वलाई प्रभावकारी बनाउने उपाय खोजी गरिने छ।

ङ. संघीय प्रोवेशन तथा प्यारोल बोर्ड, सजाय सुझाव समिति र पीडित संरक्षण सुझाव समितिलाई क्रियाशील बनाई कानूनी व्यवस्थाको कार्यान्वयन गरिने छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेका सुधारात्मक व्यवस्थाको कार्यान्वयनका लागि सहजीकरण गरिनेछ।

च. सरकारी वकील तथा कर्मचारीको क्षमता विकासका लागि संचालित विभिन्न कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिने छ। महान्यायाधिवक्ताको कार्यालयलाई निरन्तर सिकाइ (Continuous Learning) संगठनको रुपमा विकास गरिनेछ । ती कार्यक्रमहरुका यहाँहरुको उत्साहपूर्ण सहभागिता रहने अपेक्षा राखिएको छ।

छ. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमहरुको कार्यान्वयनलाई निरन्तरता प्रदान गरिने छ।

ज. विगत वर्ष प्रारम्भ गरिएको अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यमा संलग्न जनशक्तिका बीचमा छलफल गरी एक अर्काका अपेक्षाको आदान प्रदान गरिने छ।

झ. सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित कानूनमा सुधार र पुनरावलोकनका लागि सहजीकरण गरिने छ।

ञ. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र आदेश एवम् निर्देशनको कार्यान्वयनका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ।

२४. अपराध गर्नेको कुनै राजनीतिक आवरण हुँदैन। त्यसैले कुनै अपराधलाई अपराधकै कोटीमा राखेर अनुसन्धान र अभियोजन गरिनु पर्दछ । कानूनी व्यवस्थाको प्रयोगबाट नै त्यस्तो अपराधको अभियोजन हुनु पर्दछ। कुनै पनि रुपमा व्यावसायिक मान्यतामा ठेस लाग्ने गरी कार्य गर्नु हुँदैन। न त कुनै प्रकारको हस्तक्षेपलाई आमन्त्रण गर्न नै मिल्दछ। कानूनका सिद्धान्त एवम् विद्यमान कानूनको प्रबन्ध नै हाम्रो कार्य सम्पादनका रक्षा कवच हुन् । पारदर्शिताको युगमा हाम्रा कामहरु पनि सार्वजनिक भएकै छन् । यहाँहरु यो विषयमा परिचित हुनु हुन्छ । असल नियतले गरेका कामहरु

Office of the Attorney General, Nepal

संस्थागत संरक्षणका विषय हुन्छन् । खराव काम र बद्नियतलाई कानूनले दण्डित गर्ने व्यवस्था गरेको छ । यहाँहरु सबै यी दुवै विषयमा प्रष्ट हुनु पर्दछ ।

२५. कानूनको शासन र लोकतन्त्र भएको मुलुकमा अपराधको नियन्त्रण गरी शान्ति र व्यवस्था कायम गर्ने राज्यको उद्देश्य पूरा गर्न सबै पक्ष क्रियाशील हुनु पर्दछ । यहाँहरुले कानूनले सुम्पिएको जिम्मेवारी इमान्दारितापूर्वक र निष्ठापूर्वक सम्पादन गर्नु हुन्छ भन्ने विषयमा विश्वासको वातावरण निर्माण गर्नुहोस् । यहाँहरुले असल नियतले गरेका कामको संरक्षण गर्ने जिम्मेवारी म निर्वाह गर्नेछु । समयले यो भूमिकामा यहाँहरु रहनु भएको छ । संयोगले म पनि यहाँहरुसँग जोडिन आइपुगेको छु । भावी पुस्ताले सम्झन लायक काम गर्न हामी सबै क्रियाशील होऔं । भोलिको स्वप्निल भविष्य आजको मेहनतले नै हासिल हुने हो । खास गरी नेतृत्व तहमा रहनु भएका सरकारी वकीलहरुले व्यवहारिक रुपमा सुधारका प्रयासहरुलाई नतिजामा पुर्‍याउन क्रियाशील हुनु होला । नकारात्मक अभिव्यक्ति र स्वार्थपरक दृष्टिकोण बोकेर कुनै पनि संस्थाको उन्नति सम्भव छैन । कुनै पनि संस्थाको उन्नति ईर्ष्या र द्वेष बोकेर मात्र हुँदैन । सकारात्मक सोच र सकारात्मक मनोविज्ञानले नै असल नेतृत्व दिन सकिन्छ भन्नेमा कुनै शंका छैन । असल अभ्यासको प्रतिस्पर्धा र सिर्जनशील प्रस्तावलाई सधैं उत्प्रेरित गर्नु पर्दछ भन्ने नै मेरो मान्यता हो । महान्यायाधिवक्ताको कार्यालयबाट भैरहेका यी सुधारका प्रयासहरुमा यहाँहरु सबैको साथ, सहयोग र समर्थन रहेको छ । यसका लागि यहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ । भावी दिनमा पनि यस्तै सहयोगको अपेक्षा राखेको छु । अन्त्यमा, यहाँहरुको सुस्वास्थको कामना गर्दछु । यहाँहरुको रचनात्मक क्रियाशीलताको अपेक्षा राख्दछु ।

धन्यवाद ।

Office of the Attorney General, Nepal